जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क

: ९८४४०२७९७१

Whats App No:- ९८२४८७७६२७

Gmail :- Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक १७३ • २०८३ बैशाख १ गते मंगलवार • 14 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## न्यायको लागि काखे बच्चा लिएर मण्डल भौतारिदै

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ३० चैत्र**

अन्तरजातीय विवाह गरेको कारण जातीय छुवाछुत तथा अमानवीय व्यवहार गरेको कसुरमा महोत्तरीको एक महिलालाई पक्राउ गरिएको छ। औरही नगरपालिका-५ निवासी ४५ वर्षीया ववित देवी जातीय छुवाछुत तथा अमानवीय व्यवहार सम्बन्धी मुद्दामा पक्राउ परेकी हुन् । जिल्ला प्रहरी कार्यालय महोत्तरी का अनुसार गत माघ ८ गते दर्ता भएको मुद्दापछि फरार रहेकी उनलाई लुकिछिपी बसेको अवस्थामा घरबाटै नियन्त्रणमा लिइएको हो । उक्त मुद्दा उहाँकी बुहारी इन्द्रा कुमारी मण्डलले दिनुभएको जाहेरीका आधारमा दर्ता भएको हो ।

इन्द्रा कुमारी मण्डलका अनुसार आफूले नावालक सन्तानसहित घर प्रवेश गर्न खोज्दा सासुले “कुलदेवता रिसाउने” भनी कुटपिट गर्दै घरभित्र प्रवेश गर्न नदिनुका साथै जातीय रूपमा अपमानजनक व्यवहार गर्नुभएको



आरोप लगाइएको छ। इन्द्राका श्रीमान् मेघनाथ यादव हाल सम्पर्कविहीन रहनुभएको जनाइएको छ। उहाँले श्रीमान सहित परिवारका अन्य सदस्यविरुद्ध अंश मुद्दासमेत दर्ता गर्नुभएको छ । महोत्तरीकै औरही-३, श्रीपुर निवासी इन्द्रा कुमारी मण्डलले सासुको पक्राउपछि न्याय पाउने आशा व्यक्त गर्नुभएको छ ।

उहाँका अनुसार फागुन १२ गते जन्मिएको शिशुले हालसम्म आफ्नै बाबुको अनुहार समेत देख्न पाएको छैन। मेघनाथ यादव संग भागेर विवाह गरेकी इन्द्राको अनुसार सासुले श्रीमानलाई आफूबाट टाढा राखेको र आफूलाई घरमा प्रवेश गर्न दिएको छैन । इन्द्राले भन्नुभयो, “आफूहरु विहे गर्ने बेला दुवैजना नाबालिक १७ वर्षको नै भएको हुँदा कानुनी प्रक्रिया सहज नहुँदा केही समय भारतको कन्हमा क्षेत्रमा बसोबास गर्दै आएका थियौं । तर सासु बविता देवी त्यहाँ पुगेर श्रीमानलाई “सामान किनिदिन्छु” भनी बजार लैजानुभएको र उतै लुकाएर राख्नु भएको छ । मेरो श्रीमानलाई सासुले लिएर गएपछि अहिले सम्म मैले अनुहार समेत हेर्न पाएको छैन । उक्त समयमा आफू छ महिनाकी गर्भवती रहेको उहाँले जानकारी दिनुभयो । श्रीमान् नफर्किएपछि आफू घर पुग्दा “तल्लो जातकी छोरी” भन्दै घरमा प्रवेश गर्न नदिइएको र अमानवीय व्यवहार गरिएको उहाँले गुनासो गर्नुभयो। इन्द्रा भन्नुहुन्छ, ” श्रीमान मेघनाथ मलाई असाध्यै माया गर्ने भएपनि आमा बुवाको अगाडी उहाँको केहि नचलेको र जबरजस्ती उहाँलाई भारत कै कुनै स्थानमा आमाले लुकाएर राखेको र उतै बन्देजमा पारेको छ ।

त्यसैले उहाँको अवस्था समेत अज्ञात रहेकोले मेरो सम्पर्कमा समेत आउन सकेको छैन ।” उहाँले प्रहरीसमक्ष जाँदा बलात्कार मुद्दा दर्ता गर्न सुझाव दिइएको भए पनि आफूले सो मुद्दा दर्ता नगरेको उल्लेख गर्नुभयो। प्रेम गरेर भएको विवाहका बाबजुद न्याय प्राप्तिका लागि अन्य विकल्प अपनाउनुपर्ने अवस्था आउनु दुःखद रहेको उहाँको भनाइ छ । प्रहरीले घटनासम्बन्धी थप अनुसन्धान भइरहेको जनाएको छ ।

## सिंह विरुद्ध आफ्नै पार्टीका कार्यकर्ताद्वारा प्रदर्शन



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ३० चैत्र**


महोत्तरीको सदरमुकाम जलेश्वरमा रास्वपा सांसद अमरेश कुमार सिंहविरुद्ध आफ्नै पार्टीका कार्यकर्ताले प्रर्दशन गरेका छन्। सोमबार सिंह जलेश्वरस्थित प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख लगायत अन्य सरकारी कार्यालयको प्रमुखसँग प्रशासन कार्यालयमा छलफल गरिरहेको बेला उनीविरुद्ध कार्यकर्ताहरुले नाराबाजी गरेका हुन्। स्थानीय नेता कार्यकर्तासँग कुनै समन्वय नगरी सरकारी कार्यालयका प्रमुखहरूसँग छलफल गरेको भन्दै उनीहरू रुष्ट बनेका हुन्। उनीहरूले ‘अमरेश सिंह मुर्दावाद’ लगायतको नारा लगाएका थिए। बैठक कक्षमै प्रवेश गर्न खोजेका नेता कार्यकर्तालाई भने प्रहरीले रोकेको छ। रास्वपाका स्थानीय कार्यकर्ता प्रकाश पाठक लगायत स्थानीय रास्वपाका कार्यकर्ताहरु विरोध प्रदर्शनमा रहेका थिए । सिंह सर्लाही-४ का निर्वाचित प्रतिनिधिसभा सदस्य हुन्। जलेश्वर महोत्तरी क्षेत्र नं. ३ पर्छ। यहाँबाट रास्वपाका उज्वल झा निर्वाचित छन्।

## स्थानीय तह निर्वाचन नजिकिँदै जाँदा युवा नेतृत्वको बहस तीव्र बन्दै

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ३० चैत्र**

स्थानीय तह निर्वाचन नजिकिँदै जाँदा जनकपुरधाम उपमहानगरपालिका-४ मा युवा नेतृत्वको बहस तीव्र बन्दै गएको छ । यही सन्दर्भमा वडा नं. ४ का स्थानीय युवा कौशल मिश्रले आफूलाई जनताको सेवकका रूपमा प्रस्तुत गर्दै समग्र विकासका एजेन्डासहित अघि आएका छन् ।

मिश्रले आफू कुनै ठूला राजनीतिक व्यक्तित्वको रूपमा नभई



घरटोलकै छोराको रूपमा जनताको सेवामा समर्पित हुन चाहेको बताए ।

उनले वडाभित्र विद्यमान समस्याहरूलाई स्पष्ट रूपमा औंल्याउँदै समाधानका लागि सामूहिक पहल आवश्यक रहेको धारणा राखे । मिश्रका अनुसार महावीर चौकमा ट्राफिक व्यवस्थापन र वर्षायाममा पानी जम्ने समस्या, कदम चौकमा नाला तथा सरसफाइको अभाव, आनन्द नगरमा भित्री सडक र स्ट्रीट लाइटको समस्या लगायतका विषयले स्थानीय बासिन्दा दैनिक रूपमा प्रभावित भइरहेका छन् । ‘यी समस्या कुनै एक व्यक्तिले मात्र समाधान गर्ने काम नभई प्रभावकारी नेतृत्व र जनसहभागिताबाट अवश्य समाधान गर्न सकिन्छ,’ उनले भने ।

## ज्ञान गंगाले मनाए अभिभावक दिवस




**सोनी साह**
**जनकपुरधाम, ३० चैत्र**

ज्ञान गंगा ईन्टरनेशनल पब्लिक स्कुलले सोमबार मुरली चौकमा अवस्थित सेनियर ब्लकमा आयोजित एक समारोह वीच अभिभावक दिवस मनाएको छ।

प्रत्येक वर्ष विश्वमा जुन १ तारिखमा मनाइने अभिभावक दिवस ज्ञान गंगाले नव वर्ष २०८३ को अवसर पारेर मनाएको यस कार्यक्रममा उपस्थित सम्पूर्ण अभिभावकहरुलाई प्रमुख अतिथि बनाएर संस्थापक प्रधानाध्यापक प्रा.पवन कुमार साहले टीका तथा खाँदा लगाई विशेष सम्मान गर्नु भएको थियो । त्यसैगरी सोही कार्यक्रममा उपस्थित विशिष्ट अतिथि हनुमाननगर चौकीको जनपथ प्रहरी,जनकपुरधाम ई–सेवाको प्रतिनिधि अभिषेक झा,सिरहा जिल्लाको ई–सेवाको प्रतिनिधि,विद्यालयका शिक्षक तथा शिक्षिकाहरुलाई समेत विद्यालयको उपप्रधानाध्यापिका सोनी साहले टीका तथा खाँदा लगाई सम्मान गर्नु भएको थियो । कार्यक्रममा विभिन्न अभिभावकहरुले यस विद्यालयले अभिभावक दिवस मनाई हामीलाई विशेष सम्मान गरेकोमा हार्दिक कृतज्ञता व्यक्त गर्नुका साथै यस विद्यालयले आफ्ना बालबालिकाहरुलाई चौतर्फि ज्ञान दिएका कारण हामीहरु ज्यादै सन्तुष्ट तथा खुशी रहेको बताए। त्यसैगरी सो कार्यक्रममा अध्ययनरत विद्यार्थीहरुले लोक नृत्य,स्वागत नृत्य तथा आफ्ना विचारहरु राखेका थिए। साथै अभिभावक दिवसको अवसर मा मनाईको स्पोर्टस वीकमा प्रथम,द्वितिय तथा तृतिय गर्ने विद्यार्थीहरुलाई मेडल प्रदान गरिएका थिए। कार्यक्रमको अध्यक्ष प्र.अ.साहले उपस्थित सबै प्रति आभार प्रकट गर्दै सबैलाई तालि बजाएर उच्च सम्मान गर्नु भएको थियो । नव वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै प्र.अ.साहले अभिभावकहरु विद्यालयका मेरुदण्ड रहेको बतानुभयो।

लोकतन्त्र दिवस, २०८२

❖संविधानको मर्म र मूल्यलाई आत्मसात् गरौं,
❖नागरिक अधिकारसँगै कर्तव्य पनि पूरा गरौं,
❖विधिको शासन र पारदर्शितालाई बलियो बनाऔं,
❖सहिष्णुता, समावेशिता र समानताको अभ्यास गरौं,
❖भ्रष्टाचार र अन्यायका विरुद्ध सचेत रहौं,
❖लोकतान्त्रिक मूल्य–मान्यता संरक्षणमा योगदान दिऔं।

सबल लोकतन्त्र, समृद्ध राष्ट्र।

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
www.jaleshwortoday.com



## सम्पादकीय.....................

# सबैको सहभागिता सुनिश्चित गर

नयाँ राजनीतिक शक्तिहरूले सस्तो लोकप्रियतामा मात्रै अल्झनु हुँदैन। पपुलिज्मलाई लोकतन्त्र सुदृढीकरणको वास्तविक माध्यम बनाउनुपर्ने आवश्यक रहेको देखिन्छ। सामाजिक विभाजन रोक्न अब कत्ति पनि ढिला गर्नु हुँदैन। राज्यका संस्थाहरूलाई न्यायिक, समावेशी र जिम्मेवार बनाउनुपर्ने देखिन्छ। कुनै व्यक्तिको 'मुड' वा लहडमा देश चल्नु हुँदैन। विधिको शासन नै लोकतन्त्रको सबैभन्दा ठूलो आधार रहेको देखिन्छ। लोकप्रियताको उन्मादमा संस्थागत प्रणाली भत्कनु हुँदैन। इतिहासले सिकाएको यो पाठ निकै महँगो र महत्वपूर्ण रहेको देखिन्छ। घृणाको जगमा उभिएको राजनीति धेरै समय टिक्दैन। नागरिकका आधारभूत समस्याको वैज्ञानिक र दीर्घकालीन समाधान खोज्नुपर्ने देखिन्छ। शिक्षा, स्वास्थ्य र रोजगारमा ठोस कामको खाँचो रहेको देखिन्छ।

सामाजिक सञ्जालको भिडभन्दा पनि विवेकको प्रयोग गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ। विभाजनको रेखा कोर्नेभन्दा एकताको नयाँ सूत्र खोजौं। तानाशाहीको बाटोबाट देशलाई जोगाउन हामी सचेत हुनुपर्ने देखिन्छ। विधिको शासनले मात्रै समृद्धिको वास्तविक बाटो खोल्छ। नयाँ पुस्ताले अधिकारका लागि फेरि अर्को आन्दोलन गर्नु नपरोस्। अबको यात्रा प्रणाली र संस्थागत सुधारतर्फको होस्। सस्तो नाराभन्दा दिगो नतिजा दिने संकल्प गरौं। पपुलिज्मले सिर्जना गरेको शून्यतालाई न्यायले भरौं। साझा भविष्यका लागि सबैको सहभागिता सुनिश्चित गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ।

# सलहेश फूलबारीमा आयोजना हुने मेलामा भारतीय श्रद्धालुहरूको आगमन सुरु

**जलेश्वरटुडे समाचारदाता**
**सिरहा, ३० चैत्र**



नयाँ वर्षको अवसर पारेर प्रत्येक वर्ष वैशाख १ गते लहानस्थित ऐतिहासिक तथा धार्मिक स्थल सलहेश फूलबारीमा आयोजना हुने मेलामा भारतीय श्रद्धालुहरूको आगमन सुरु भएको छ।

मेला सुरु हुनुभन्दा दुई दिनअगावै भक्तजनहरूको चहलपहल बढ्न थालेको हो। लहान नगरपालिका-१२ र २२ मा अवस्थित सलहेश फूलबारीमा नयाँ वर्षको दिन मात्र फुल्ने विश्वास गरिने माला आकारको सुनाखरी फूल अवलोकन तथा पूजाअर्चनाका लागि नेपाल र भारतका विभिन्न स्थानबाट हजारौं श्रद्धालु आउने गर्छन्। मेला व्यवस्थापन समितिका अध्यक्ष दशमीलाल चौधरीका अनुसार मन्दिरअगाडि रहेको हारमको रूखमा यस वर्ष पनि सुनाखरी फूल फुल्न सुरु भएको छ, तर पूर्ण रूपमा फक्रिन बाँकी छ। करिब नौ बिघा क्षेत्रफलमा फैलिएको फूलबारीमा अहिले नै भक्तजनहरूको भीड बढ्न थालेको छ। श्रद्धालुहरू दिनरात परिसरका रूखमुनि पाल टाँगेर बसिरहेका छन्। बढ्दो भीडसँगै पूर्वाधारको अभाव देखिएको स्थानीयहरूले बताएका छन्।

स्थानीय वीरेन्द्र चौधरीका अनुसार श्रद्धालुका लागि व्यवस्थित धर्मशालाको आवश्यकता रहेको छ। लोकगाथा अनुसार महिषोथा (सिरहा) मा जन्मिएका लोकनायक राजा सलहेशको प्रेमस्थलका रूपमा यो फूलबारीलाई लिइन्छ। राजा सलहेश र उनकी प्रेमिका मालिनीको प्रेमको प्रतीकका रूपमा सुनाखरी फूललाई मानिन्छ।

# एक व्यक्तिको सक्रियता र मानवतापूर्ण पहलले समयमै जीवनरक्षक रगत उपलब्ध

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ३० चैत्र**



जनकपुरधाममा उपचाररत एक बिरामीका लागि अत्यन्तै दुर्लभ मानिने 'ए-नेगेटिभ' रगतको अभाव हुँदा उपचार प्रभावित भएको अवस्थामा एक व्यक्तिको सक्रियता र मानवतापूर्ण पहलले समयमै जीवनरक्षक रगत उपलब्ध गराएको छ। उक्त बिरामीलाई चिकित्सकले तत्काल एचए (एबितभभित च्अज एबिकब) सहित ए-नेगेटिभ रगत आवश्यक रहेको बताएका थिए।

तर, दुर्लभ रक्त समूह भएकै कारण लामो समयसम्म रगत व्यवस्थापन हुन सकेको थिएन। सामाजिक सञ्जालमा जानकारी व्यापक रूपमा फैलिएको भए पनि आवश्यक रगत जुटाउन सकिएको थिएन। जसकारण बिरामीको अवस्था झनै जटिल बन्दै गएको थियो। यही संवेदनशील परिस्थितिमा ब्लड फर नीडका केन्द्रीय सदस्य बलराम गुप्ताले पहल लिए। सामाजिक सञ्जालमार्फत बिरामीको अवस्थाबारे जानकारी पाएलगत्तै उनले तत्काल सक्रियता देखाउँदै रक्तदाताको खोजी सुरु गरे।

उनको पहलपछि छोटो समयमै उपयुक्त रक्तदाता पहिचान गरियो र आवश्यक रगत संकलन गरी बिरामीलाई उपलब्ध गराइयो। रक्तदाता मोहम्मद मुस्ताक साफीले निस्वार्थ रूपमा रक्तदान गर्दै बिरामीको ज्यान जोगाउन महत्वपूर्ण योगदान दिए।

उनको यो कदमले समाजमा मानवता अझै जीवित रहेको सन्देश दिएको छ। बलराम गुप्ताको यो कार्य रगत व्यवस्थापनमा मात्र सीमित नभई उनले संकटको घडीमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै एक जीवन बचाउने उदाहरण प्रस्तुत गरेका छन्। स्वास्थ्य क्षेत्रमा देखिने रक्त अभावको समस्याबीच उनको यस्तो सक्रियता प्रेरणादायी मानिएको छ।

# घाइतेहरूको उपचार अवस्थाबारे जानकारी लिन ट्रमा सेन्टर पुगिन उपसभामुख

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ३० चैत्र**



गत मंगलबार बिहान एसइई परीक्षा सकेर फर्किँदै गरेका युवाहरू सवार मोटरसाइकल दुर्घटनामा परी तीन जनाको ज्यान गएको तथा तीन जना घाइते भएको घटनाका घाइतेहरूको उपचार अवस्थाबारे जानकारी लिन प्रतिनिधिसभाकी उपसभामुख रुवी कुमारी ठाकुर ले काठमाडौंस्थित ट्रमा सेन्टरमा पुगेर भेट गर्नुभएको छ। उपसभामुख ठाकुरले उपचाररत घाइतेहरू तथा उनीहरूका कुरुवासँग भेटघाट गर्दै चिकित्सक टोलीसँग स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको थियो। उहाँले घाइतेहरूको प्रभावकारी उपचारका लागि चिकित्सकहरूलाई आवश्यक पहल गर्न आग्रह गर्नुभयो। उपसभामुख ट्रमा सेन्टर पुग्नुभएपछि अस्पताल प्रमुखले संस्थाको वर्तमान अवस्थाबारे जानकारी गराउनुभएको थियो। उहाँका अनुसार अस्पतालमा बिरामीको चाप अत्यधिक रहेको, साथै आईसीयू बेड तथा भेन्टिलेटरको अभाव रहेकोले सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन आवश्यक उपकरणहरूको व्यवस्था गर्नुपर्ने आवश्यकता औंल्याइएको थियो। यस अवसरमा उपसभामुख ठाकुरले घाइतेका आफन्तजनलाई धैर्य धारण गर्न आग्रह गर्दै सान्त्वना दिनुभएको थियो। उहाँले ट्रमा सेन्टरमा उपचाररत अन्य बिरामीहरूको अवस्थाबारे पनि जानकारी लिनुभएको थियो।

## तपाईको टुडे

मेष: अशुभ समाचार प्राप्त हुने
वृष: लामो यात्राको योग छ
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: मनमा पछुतो आउने
सिंह: आम्दानी हुने
कन्या: खानपानमा समस्या आउने
तुला: पढाईमा ध्यान दिनुपर्ने
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: अनावश्यक खर्चको संभावना
मकर: अनावश्यक चिन्ता
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना)

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# होर्मुज जलमार्गमा अमेरिकी नाकाबन्दी लागू हुँदै, युद्ध झन् चर्किने सङ्केत

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३० चैत्र



अमेरिका र इरानबीचको तनावले युद्धको नयाँ र भयावह रूप लिएको छ। इस्लामाबाद वार्ता निष्कर्षविहीन भएसँगै अमेरिकाले इरानी बन्दरगाहहरूमा समुद्री नाकाबन्दी घोषणा गरेपछि विश्वव्यापी ऊर्जा आपूर्ति र अर्थतन्त्रमा गम्भीर सङ्कट आउने देखिएको छ । पाकिस्तानको इस्लामाबादमा भएको उच्चस्तरीय वार्ता असफल भएपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथि कडा कदम चाल्ने निर्णय लिएका हुन्। इरानले आफ्नो आणविक कार्यक्रम त्याग्न अस्वीकार गरेको ट्रम्पको आरोप छ ।

अमेरिकी सेन्ट्रल कमान्डका अनुसार आज साँझ ७:४५ देखि अरब र ओमानको खाडी क्षेत्रका सबै इरानी बन्दरगाहहरूमा प्रवेश वा प्रस्थान गर्ने जहाजमाथि नाकाबन्दी लागू हुनेछ। यद्यपि, गैर-इरानी बन्दरगाहतर्फ जाने जहाजलाई भने अवरोध नगरिने बताइएको छ। राष्ट्रपति ट्रम्पले रणनीतिक रूपमा अत्यन्तै महत्त्वपूर्ण मानिने होर्मुज जलमार्ग हुँदै जाने जहाजहरू रोक्न अमेरिकी नौसेना परिचालन हुने बताएका छन्। उनले कुनै पनि इरानी प्रतिकारको कडा जवाफ दिइने चेतावनीसमेत दिएका छन्। यसअघि उनले सो क्षेत्र पूर्ण रूपमा नियन्त्रणमा लिने कडा धम्की दिएका थिए ।

इरानले अमेरिकी घोषणालाई 'हास्यास्पद' भन्दै त्यसको प्रतिकार गर्ने चेतावनी दिएको छ। इरानी रिभोलुसनरी गाड्र्सले होर्मुज क्षेत्रमा आफ्नो पूर्ण नियन्त्रण रहेको दाबी गरेको छ। विदेशमन्त्री अब्बास अराघचीले सम्झौता 'इन्चको दूरीमा' पुगेका बेला अमेरिकाले अन्तिम समयमा अडान परिवर्तन गरेर नाकाबन्दीको बाटो रोजेको आरोप लगाएका छन् । यो घोषणासँगै अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा उछाल आएको छ ।

डब्लुटीआई र ब्रेन्ट दुवैको मूल्य प्रति ब्यारेल १०० डलर आसपास पुगेको छ । खाडी क्षेत्रबाट विश्वको ठूलो हिस्सा तेल आपूर्ति हुने भएकाले यो नाकाबन्दीले ऊर्जा सङ्कट निम्त्याउने निश्चित छ । फेब्रुअरी अन्त्यदेखि सुरु भएको यो द्वन्द्वमा इजरायल र अमेरिकाले इरानमाथि आक्रमण गरेपछि हजारौं मानिसले ज्यान गुमाइसकेका छन् ।

# हलमा दर्शक नपाएको १३० करोडको फिल्मले ओटीटीमा तहल्का मच्चाउँदै

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३० चैत्र



१३० करोडको भारी बजेटमा बनेको एक बलिउड फिल्मले यतिबेला ओटीटी प्लेटफर्ममा तहल्का मच्चाइरहेको छ। सिनेमाघरमा रिलिज हुँदा दर्शक पाउन नसकेको यो फिल्म ओटीटीमा आउने बित्तिकै भने हिट साबित भएको छ ।

रिलिज हुने बित्तिकै टप १० लिस्टमा पर्न सफल यस फिल्मको नाम 'ओ रोमियो' हो । साहिद कपुर बलिउडमा आफ्ना चरित्रहरूसँग नयाँ प्रयोग गर्न रुचाउने अभिनेता हुन् । जब ओ रोमियोको घोषणा भयो, फ्यानहरूमा ठूलो उत्साह थियो । ठूलो बजेटसँगै यसलाई निकै भव्य रूपमा निर्माण गरिएको थियो । फिल्मको सिनेम्याटोग्राफी, एक्सन र साहिदको अभिनयको तारिफ त भयो, तर यसको कथाले बक्स अफिसमा भने अपेक्षा गरे अनुसारको जादु देखाउन सकेन । बक्स अफिसमा साहिदको यो फिल्म नराम्ररी फ्लप साबित भयो। तर फिल्मको असली भाग्य भने ओटीटीमा लेखिनु बाँकी नै थियो। जब ओ रोमियोलाई ओटीटी प्लेटफर्ममा स्ट्रिम गरियो, दर्शकको नजरिया पूर्ण रूपमा बदलियो। फिल्मको गहिरो कथा र साहिदको रोमियो अन्दाजलाई अहिले दर्शकले निकै रुचाइरहेका छन् ।

यो एक हाई-भोल्टेज एक्सन-रोमान्टिक थ्रिलर फिल्म हो, जुन आफ्नो युनिक कथाका कारण चर्चामा छ। यसको कथा उस्तरा ( साहिद कपुर) को वरिपरि घुम्छ, जो एक खतरनाक ग्याङ्स्टर हो । फिल्ममा उस्तरा कसरी आफ्नै मान्छेको धोका र माफियाको चक्रव्यूहमा फस्छ भन्ने देखाइएको छ । कथामा दिमाग घुमाउने थुप्रै ट्विस्टहरू राखिएका छन् ।

ओ रोमियो १० अप्रिलमा प्राइम भिडियोमा रिलिज भएको थियो । रिलिज भएको जम्मा २४ घण्टाभित्रै यसले प्लेटफर्मको टप १० लिस्टमा आफ्नो स्थान पक्का गर्‍यो । अहिले भने साहिदको यो फिल्म भारतमा ओटीटीको ट्रेन्डिङ लिस्टको नम्बर १ मा कब्जा जमाउन सफल भएको छ ।

# रियल-स्टेट बजारमा मधेस प्रदेशको वर्चस्व

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३० चैत्र



नेपाल राष्ट्र बैंकले पहिलो पटक घरजग्गा (रियल-स्टेट) कारोबारको वर्तमान अवस्था र प्रवृत्तिसम्बन्धी विस्तृत तथ्याङ्क सार्वजनिक गर्दै नेपालको भूमि बजारको वास्तविक चित्र प्रस्तुत गरेको छ ।

यस प्रतिवेदनले नेपाली रियल-स्टेट क्षेत्रमा देखिएका उतारचढाव, मौसमी प्रभाव र प्रादेशिक असमानतालाई स्पष्ट पारेको छ । भूमि व्यवस्थापन तथा अभिलेख विभाग र आन्तरिक राजस्व विभागको समन्वयमा सङ्कलन गरिएको यो तथ्याङ्क अबदेखि त्रैमासिक रूपमा प्रकाशन गरिने बैंकले जनाएको छ। प्रतिवेदनअनुसार नेपालको घरजग्गा कारोबारमा स्पष्ट मौसमी प्रवृत्ति देखिएको छ, जसमा आर्थिक वर्षको पहिलो त्रैमासमा कारोबार सुस्त हुने र तेस्रो तथा चौथो त्रयमासमा निकै बढ्ने ट्रेन्ड देखिएको छ । प्रादेशिक रूपमा हेर्दा, कारोबारको सङ्ख्या र क्षेत्रफल दुवैका आधारमा मधेस प्रदेश मुलुकभरमै सबैभन्दा अगाडि देखिएको छ भने लुम्बिनी र कोशी प्रदेशले क्रमशः दोस्रो र तेस्रो स्थान ओगटेका छन् । कर्णाली र सुदूरपश्चिम प्रदेशमा भने घरजग्गाको गतिविधि तुलनात्मक रूपमा निकै न्यून छ । जग्गाको क्षेत्रफल र मूल्यका आधारमा पनि रोचक तथ्याङ्क बाहिर आएका छन्। मधेस प्रदेशमा २० आनाभन्दा ठूला प्लटहरूको कारोबार बढी हुने गरेको पाइएको छ भने बागमती लगायत अन्य प्रदेशमा २.५ देखि १० आनासम्मका साना प्लटहरूमा लगानीकर्ताको आकर्षण बढी छ ।

# राष्ट्रिय खेल भलिबल : हर्ष न विस्मात् !

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, ३० चैत्र



भलिबल नेपालको राष्ट्रिय खेल हो । धेरैलाई यो कुरा थाहा छ, धेरैलाई यो कुरा थाहा छैन पनि ।

राष्ट्रिय खेल घोषणा भएको झण्डै एक दशक पुग्न लागिसक्दा समेत भलिबलले राष्ट्रिय खेल भएबापत गर्व गर्ने खालको केही कुरा हुन सकेको छैन । त्यसैले वर्ष २०८२ मा पनि भलिबलको लागि 'वाउ' गर्न लायक त्यस्तो केही त भएन तर कोर्टमा भने भलिबल चलायमान भइरह्यो ।

अन्तर्राष्ट्रिय स्तरमा मुस्किलले सहभागिता र सीमित प्रतियोगिता मात्र खेल्दा घरेलु भलिबल प्रतियोगिताहरू भने भइरहे । नेपाल भलिबल संघले आयोजना गर्ने नवौं एनभीए भलिबल च्याम्पियनसिप, फ्रेन्चाइज महिला भलिबल लिग (डब्लुभीएल) पोखरामा हुने चर्चित भलिबल प्रतियोगिता टाइगर कप लगायत राष्ट्रिय लेभलको प्रतियोगिताहरू भए । नवौं एनभीए च्याम्पियनसिपबाट छनोट भएका उत्कृष्ट ८ र ६ महिला टोलीले खेल्ने पीएम कप एनभीए लिग भने २०८२ चैतमा गर्ने भनिएपनि प्राविधिक कारणवश २०८३ वैशाखमा सरेको छ । वर्ष २०८२ मा नेपालले धेरै अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न पाएन । नेपालको अन्तर्राष्ट्रिय सहभागिता सेन्ट्रल एसियन भलिबल एसोसिएसन ( काभा) ले आयोजना गर्ने प्रतियोगितामै सीमित छ । यस वर्ष नेपालको पुरुष टिमले असोजमा बंगलादेशको ढाकामा भएको काभा पुरुष भलिबल कप खेलेको थियो । अक्टोबर २२ देखि २८ सम्म भएको काभा पुरुष भलिबल कपमा नेपाल ६ टिममा पाँचौं भयो ।

# वर्ष २०८२ को राजनीतिक समीक्षा: 'जेन-जी' विद्रोहदेखि वालेन्द्र साहको उदयसम्म

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २९ चैत्र



राजनीतिक दृष्टिले वर्ष २०८२ नेपालका लागि निकै उथलपुथलपूर्ण र ऐतिहासिक परिवर्तनको वर्ष सावित भएको छ ।

वर्षको मध्यतिर भएको 'जेन-जी' युवापुस्ताको विद्रोहपूर्ण आन्दोलनले दशकौँदेखि कायम राजनीतिक मार्गलाई नयाँ शिराबाट अघि बढाउन निर्णायक भूमिका निर्वाह गर्‍यो । यही आन्दोलनकै बलमा तत्कालीन सरकार विस्थापन र प्रतिनिधिसभा विघटन भयो भने पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा गठित नागरिक सरकारले फागुन २१ गते निर्वाचन सम्पन्न गराएपछि मुलुकले नयाँ राजनीतिक दिशा प्राप्त गर्‍यो । निर्वाचनमा पुराना राजनीतिक दलहरू पराजित हुँदा राष्ट्रिय स्वतन्त्र पार्टीले १८२ स्थानमा जित हासिल गर्दै ऐतिहासिक दुईतिहाइको जनादेश प्राप्त गर्न सफल भयो। नेपालको संविधान २०७२ जारी भएपछिका निर्वाचनमा कुनै एक दलले स्पष्ट बहुमत ल्याएको यो नै पहिलो पटक हो, जसले गठबन्धन सरकारको अनिवार्य भाष्यलाई समेत अन्त्य गरिदिएको छ । यो वर्ष पुराना दलहरूका लागि निकै चुनौतीपूर्ण रह्यो ।

नेपाली कांग्रेसमा गगनकुमार थापाको नेतृत्वमा बदलाव आए पनि पार्टीभित्रको आधिकारिकता विवाद न्यायालयसम्म पुगेको छ । नेकपा एमालेले एघारौं महाधिवेशनबाट केपी शर्मा ओलीलाई पुनः निर्वाचित गरे पनि निर्वाचनमा पराजयपछि पुस्तान्तरणको बहस चर्किएको छ। त्यस्तै पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको नेकपाले पनि अपेक्षाकृत नतिजा ल्याउन सकेन भने प्रभावशाली नेताहरूले दल परित्याग गर्ने क्रम बढ्यो ।

यसैबीच निर्वाचनपूर्वको सङ्कल्पबमोजिम चैत १३ गते संविधानको धारा ७६ (१) अन्तर्गत बहुमत प्राप्त दलको नेताका रूपमा वालेन्द्र साह प्रधानमन्त्री नियुक्त भए । साह नेतृत्वको सरकार तुलनात्मक रूपमा सानो, समावेशी र युवा प्रतिनिधिमूलक रहेको छ ।

# नेपाल-भारत सीमा कडाइपछि बढ्यो तनाव, भारतीय पम्पले नेपाली सवारीलाई इन्धन दिन रोक

मो.इर्शाद
महोत्तरी, ३० चैत्र





नेपाल-भारत सीमा क्षेत्रमा पछिल्लो समय बढाइएको कडाइले सीमावर्ती नेपालीहरूको दैनिकीमा प्रत्यक्ष असर पारेको छ। नेपालतर्फ भारतीय सवारीमाथि निगरानी कडा बनाइएपछि त्यसको प्रतिक्रियास्वरूप भारततर्फ नेपाली नम्बर प्लेटका सवारीलाई इन्धन दिन बन्द गरिएको छ।

भारतको वैरगनिया क्षेत्र नजिकका पेट्रोल पम्पहरूले नेपाली सवारीलाई पेट्रोल नदिने सूचना नै टाँसेका छन्, जसले सीमा पार आवतजावत र दैनिक किनमेलमा अवरोध सिर्जना गरेको छ।

स्थानीयका अनुसार पहिले सहज रूपमा इन्धन र आवश्यक सामग्री ल्याउन सकिने भए पनि अहिले समस्या बढेको छ। कतिपयले बाटोमै इन्धन नपाएर सवारी धकेल्नुपरेको गुनासो गरेका छन् । विश्लेषकहरूका अनुसार भारतमा पेट्रोल सस्तो हुनु, तस्करीको आशंका र नेपालले भारतीय सवारीमाथि कडाइ गर्नुजस्ता कारणले यस्तो अवस्था आएको हुनसक्छ। यसबीच, दुवै देशबीचको समन्वय अभावले विशेषगरी मधेशका सीमावर्ती नागरिकहरू मारमा परेका छन् ।

जलेश्वर टुडे


# विकासात्मक राज्यको वैकल्पिक मोडल



-नेपालको विकास बहस प्राचीन ग्रीसका दार्शनिकहरूको 'आर्के' खोजी जस्तै पूर्वनिर्धारित सूत्र वा पूर्ण नयाँ मोडलको खोजमा केन्द्रित देखिन्छ । पूर्वी तथा दक्षिणपूर्वी एसियामा सफल विकासात्मक राज्य मोडलको अनुभवलाई नेपाली सन्दर्भमा सूक्ष्म विश्लेषण गर्दै, राज्यको हस्तक्षेपकारी भूमिका, रणनीतिक नीति, र नागरिकको आत्मविश्वास अभिवृद्धि आवश्यक छ भन्ने निष्कर्ष निकालिएको छ ।

आर्थिक विकासलाई केन्द्रमा राखेर उपयुक्त मोडल निर्माण र छिमेकी मुलुकहरूसँगको सम्बन्ध सुदृढ गर्न सकिने अवसरका रूपमा विकासात्मक राज्यको बहस प्रस्तुत गरिएको छ। 'आर्के' को झझल्को- पालको अहिलेको विकासका बारेमा चर्चामा रहेका संवादहरू हेर्दा प्राचीन ग्रिसका प्राकृतिक दार्शनिकहरूले 'आर्के' पत्ता लगाउन खोज गर्दाको अवस्थाको झझल्को आउँछ ।

ग्रीक शब्द 'आर्के' को शाब्दिक अर्थ सुरुवात, उत्पत्ति, सिद्धान्त आदि रहेका छन् । प्राचीन प्राकृतिक दार्शनिकहरू जस्तै थालेस, एनाक्सिमयान्डर, एनाक्सिमेनेसहरूले 'आर्के' को खोज सुरु गरेका थिए । उनीहरूले 'आर्के' को बारेमा दर्शन प्रत्युत्पादन गर्नुभन्दा अगाडि प्रकृतिका बारेमा रहेका जिज्ञासाहरू जस्तै साँझ परेपश्चात् सूर्य अस्ताउनु वा आकाशमा बिजुली चम्कनु जस्ता विषयहरू पौराणिक कथाहरूमा आधारित भएर व्याख्या हुने गर्थे र त्यसलाई 'मिथोस' भन्ने गरिन्थ्यो । रमाइलो लाग्ने यस्ता कथाहरूमा प्रमाण र तर्कहरू थिएनन् । यी दार्शनिकहरूले तार्किक स्रोतमा आधारित भएर मानिसका जिज्ञासालाई मेटाउने प्रयत्न गरे । त्यसलाई 'लोगोस' भन्न थालियो । ग्रिस आसपासमा जनसंख्याको वृद्धिको कारण ईशापूर्व ७५० देखि झन्डै दुई शताब्दीसम्म खेतीयोग्य जमिनका लागि निरन्तर युद्ध हुन्छ । युद्धको कारण समाजमा अतुलनीय परिवर्तन पनि सुरु हुन्छन् ।

सबै विषय परिवर्तन हुने संसारमा परिवर्तन नहुने, आधारभूत विषय अर्थात् 'आर्के' के हुन्छ भन्ने खोजी सुरु भयो । अर्थात् अनन्त सत्यको दार्शनिक खोजी सुरु भयो । यसलाई नै पश्चिमा दार्शनिक खोजको सुरुवात मान्ने गरिन्छ । अहिलेको हाम्रो विकासको बहस पनि त्यस्तै छ । एकातर्फ प्राचीन ग्रिसका दार्शनिकहरू जस्तै विकासको कुनै न कुनै पूर्वनिर्धारित सूत्र छ र त्यसलाई पत्ता लगायो भने सबै समस्या एकै पटकमा समाधान हुन्छ भनेझैं गरी खोजेको देखिन्छ । अर्कोतर्फ जसरी उनीहरूले आफ्नो खोजमा त्यसभन्दा पहिलाको सोच प्रणालीलाई पूर्णरूपमा अस्वीकार गरेर नयाँ सोच प्रणाली विकास गरेका थिए, हामी पनि त्यस्तै नितान्त नयाँको खोजीमा दौडिएको अनुभूति हुन्छ । तर आधुनिक राज्यहरूले अहिले अपनाइरहेका विकास मोडलहरू बुझ्न १८ औं शताब्दीको अन्त्यदेखि सुरु भएको औद्योगिक क्रान्तिको इतिहासलाई हेर्दा मात्रै पनि तत्कालका लागि पर्याप्त हुन्छ । अझ त्यसलाई पनि छोट्याएर हेर्ने हो भने दोस्रो विश्वयुद्धपछि हाम्रै वरिपरि तीव्र आर्थिक विकास (वा वृद्धि मात्रै) गरेका देशहरूको अनुभव पनि कमजोर छैन । हाम्रो वर्तमान अवस्था र सोचसँग मिल्दाजुल्दा एक-दुई देशहरूको अनुभवको सूक्ष्म विश्लेषण गरेर उनीहरूले भोगेका समस्या र यो सिलसिलामा त्यस्ता देशहरूमा उत्पन्न दुष्प्रभाव न्यूनीकरणमा ध्यान दिएर हाम्रो मोडल बनाउनु छिटो र उपयुक्त मार्ग हुन सक्छ । तत्काल नागरिकले अनुभूत गर्ने अर्थसामाजिक रूपान्तरणको म्यान्डेट लिएको सरकारलाई यो थप सान्दर्भिक हुन सक्छ ।

पूर्वी एवं दक्षिण पूर्वी एसियामा सफल भएको तर फेरि ल्याटिन अमेरिकामा असफल भएको विकासात्मक राज्य अर्थात् हाम्रो गैरआर्के छलफलको एउटा सान्दर्भिक प्रस्थानबिन्दु हुन सक्छ । अर्थराजनीति र विकासात्मक राज्य: आर्थिक विकासको मोडलका आधारमा राज्यलाई वर्गीकरण गर्ने बहस मूलभूत रूपमा राजनीतिशास्त्रको राज्य र समाजको बहसको एउटा अंग नै हो । यसलाई अतिरञ्जित गरेर आर्थिक रूपमा मात्रै चर्चा गर्दा सिंगो व्याख्या र छलफल नै अपूर्ण हुन जान्छ । सामान्यतया बजारमा राज्यको भूमिकामा केन्द्रित भई अर्थराजनीतिमा राज्य र समाजको सम्बन्धका आधारमा राज्यहरूलाई दुई प्रमुख भागहरूमा वर्गीकरण गर्ने प्रचलन छ- हस्तक्षेपकारी र समन्वयकारी/नियामक राज्य । यो आलेखमा चर्चा गर्न खोजिएको विकासात्मक राज्य अर्थात् 'डेभलपमेन्टल स्टेट' मा राज्य र समाजको बीचमा हस्तक्षेपकारी सम्बन्धको परिकल्पना हुन्छ । अब कुरा आउँछ, कुन विषयमा कसरी हस्तक्षेप गर्ने वा नगर्ने ?

विकासात्मक राज्यका बारेमा विस्तृत छलफल गर्नुपूर्व हामी प्रस्ट हुन आवश्यक छ कि राज्यले कुन विकासको मोडललाई अवलम्बन गर्ने भन्ने विषय तत्कालीन अवस्थाहरूले निर्धारण गर्दछन् । सन् २०१८ मा प्रकाशित पुस्तक 'हाउ डेमोक्र्यासी डाइ' का लेखक स्टिभेन लेभिट्स्की र ड्यानियल जिब्लाटको प्रमुख तर्क 'पूर्वनिर्धारित उत्तरहरूको जोडबल' ले लोकतन्त्रलाई नै मार्छ भन्ने विषयलाई हरेक राजनीतिक छलफलमा हृदयंगम गर्न आवश्यक छ । नयाँ विकासको मोडल छनोटको संघारमा हामीले तीन अर्थराजनीतिक आयामहरूलाई संयुक्त विवेचना गर्नु अपरिहार्य छ । पहिलो, वर्तमान संविधानको क्षमता विकासकेन्द्रित बहुसंस्कृतिवादका सिद्धान्तमा इन्तु, किन्तु, परन्तुको छुट कसैलाई छैन । दोस्रो, बजारमा राज्यको हस्तक्षेपकरी भूमिका अहिलेको निर्वाचनको म्यान्डेट हो । तेस्रो, आर्थिक वृद्धि अनुपात नै सरकार र सिंगो राज्य मूल्यांकनको प्रमुख आधार हो । खासमा नेपालको सबैभन्दा ठूलो चुनौती नै यहाँ छ । सामान्यतया अहिलेका विकसित देशहरूले पहिले आर्थिक वृद्धि हासिल गरे र त्यसपश्चात् ( सामाजिक) विकासको बाटोमा हिँडेका हुन् । तर हामीलाई दुवै नतिजालाई एकै पटक हासिल गर्नु छ । यस्तो अवस्थामा पक्कै पनि राज्यको समाजमा उपस्थिति र भूमिका वृद्धि हुन्छ । राज्यका हरेक तहमा सरकारको बलियो उपस्थिति, जसलाई राजनीतिशास्त्री जोल मिग्देलले 'पेनिट्रेसन' भनेका छन्, नेपाली नागरिकको सबैभन्दा ठूलो माग हो । नवउदारवादी नीतिमा सीमित राज्यको अवधारणामा हाम्रा परिकल्पना कदापि पुरा हुने अवस्था छैन । सुधारिएको मोडलका बारेमा हामी मन फुकाएर छलफल गरिरेहका छैनौं । साथै, विकासात्मक राज्यका पनि धेरै खाले अभ्यासहरू रहेका छन् । हामीले कुन देशले सफलता प्राप्त गरेको कुन मोडललाई किन र कुन सुधारिएको वा नेपालीकरण गरिएको मोडललाई अनुसरण गर्ने प्रस्ट हुन आवश्यक छ ।

अब हामी फेरि राज्यको हस्तक्षेपको भूमिकामा फर्कौं । यसलाई बुझ्न कुन अन्तर्राष्ट्रिय सन्दर्भ र छलफलमा विकासात्मक राज्यको छलफल र नीतिले पूर्वी र दक्षिणपूर्वी एसियामा स्थान पायो, अभ्यासमा आयो र सफलता प्राप्त गर्‍यो भनेर विवेचना गर्नु आवश्यक हुन्छ । आफूहरूले समात्न खोजेको वा जित्न खोजेको देशको प्रविधिको अवस्था आफ्नोभन्दा कमजोर रहेकाले त्यो बेलासम्म कर्मचारी एवं निजी क्षेत्रको आवश्यक क्षमता विकास र संरक्षण गर्दै निश्चित आर्थिक क्षेत्रमा क्षेत्रीय वा विश्वव्यापी रूपमा प्रतिस्पर्धी क्षमता विकास गरेर त्यसलाई केन्द्रबिन्दुमा राखेर सर्वांगीण विकास गर्न खोज्दा यो मोडल अनुसरण गरिएको देखिन्छ । यस क्षेत्रमा लामो अध्ययन गरेका स्टेफेन हागार्डले त्यस्ता देशहरूमा औद्योगिकीकरण गर्न ढिला भएको मनोविज्ञान साझा हुने बताएका छन् । बेलायत हेरेर आफ्नो तयारी गरेका फ्रान्स, जर्मनी वा जापानलाई हेरेर मोडल निर्माण गरेका कोरियालगायतका देशहरूलाई उदाहरणका रूपमा पेस गरेका छन् । यांसे विश्वविद्यालयका कोरियाली प्राध्यापक ली योन होले विकासात्मक राज्यलाई यसरी परिभाषित गरेका छन्- राज्य ( संकीर्ण अर्थमा सरकार) ले रणनीतिक हस्तक्षेपमार्फत बजारलाई मार्गदर्शन गर्दै निश्चित अवधि केन्द्रित तीव्र आर्थिक वृद्धि हासिल गर्ने विकासको मोडल । यो परिभाषालाई थोरै फराकिलो पर्दा यस्तो हुन्छ होला- तीव्र आर्थिक वृद्धिको बाधक रहेका नीति, नियम, क्षमता र संस्कारको सुधार, आवश्यक क्षेत्रको संरक्षण गर्दै निश्चित अवधिसम्म राज्यले नै डोऱ्याएर सिंगो राज्यलाई आर्थिक वृद्धिको बाटोमा हिँडाउने विकास मोडललाई विकासात्मक राज्य भन्न सकिन्छ ।

यसको आधारभूत मोडल यस्तो हुन्छ । पहिलो, राज्यसँग आर्थिक नीति तर्जुमा, कार्यान्वयन र मूल्यांकन गर्न सक्ने गुणस्तरीय वा एलिट कर्मचारीतन्त्र छ वा व्यवस्था गर्छ । हरेक देशमा आर्थिक वृद्धिका कुनै निश्चित कार्यालयहरूको अतुलनीय भूमिका रहेको अध्ययन निष्कर्षहरू छन् । अमेरिकी राजनीतिशास्त्री चाल्मर्स जोन्सनको पुस्तक 'मिति एन्ड द जापानी मिराकल: द ग्रोथ अफ इन्डस्ट्रियल पोलिसी (१९२५-१९७५)' प्राय: सबै विकास अर्थतन्त्रको क्षेत्रमा काम गर्ने अध्येताहरूले चर्चा गर्ने पुस्तकको रूपमा रहेको छ । यहाँ 'मिति' भन्नाले जापानको अन्तर्राष्ट्रिय व्यापार तथा उद्योग मन्त्रालयलाई बताइएको छ, आजको जापान निर्माणमा उसको सबैभन्दा निर्णायक भूमिका रहेको छ ।

दोस्रो, आर्थिक वृद्धिलाई नेतृत्व गर्ने क्षेत्रको पहिचान र त्यस्ता क्षेत्रमा सहकार्य वा हस्तक्षेप र संरक्षणको रणनीतिहरू तर्जुमा हुन्छन् । सहकार्य वा हस्तक्षेप अन्तर्गत सो क्षेत्रका उद्योगहरूको क्षमता विकास देखि व्यवस्थापनको आधुनिकीकरणसम्म राज्यले निरन्तर चासो देखाउने, सजग बनाउने र सहयोग गर्ने काम गर्छ । अर्थात्, राज्यको रणनीतिअन्तर्गत रहेका औद्योगिक क्षेत्रहरूका निजी क्षेत्रहरूलाई राज्यले सहयोग पनि गर्दछ, तर राज्यका विशेष रणनीतिलाई अवलम्बन गर्न बाध्य पनि बनाउँछ । स्टेफेन हागार्डका अनुसार निजी क्षेत्रको उदारीकरणको अभाव अर्थात् परम्परागत व्यवस्थापन नै निजी क्षेत्रको विकासको बाधक रहने गरेकामा राज्यले नै अग्रसर भएर आधुनिक व्यवस्थापनमा लैजान्छ र त्यो नै सफलताको प्रमुख आधार हुन पुग्छ । उच्च शिक्षासहित सामाजिक विकासका हरेक नीति र सडक तथा रेल सञ्जाल जस्ता भौतिक नीतिहरू पनि त्यस्ता प्राथमिकताका उद्योगहरूको सफलतामा केन्द्रित हुन्छन् । चाल्मर्स जोन्सनका अनुसार राज्यले आर्थिक वृद्धिलाई नेतृत्व गर्ने उद्योगलाई छनोट गर्छ, राज्यले नै निर्देशित स्रोत वितरण गर्छ र सो क्षेत्रको उद्योगको दिगो विकास वा प्रवर्द्धनको नीति लिन्छ । दक्षिण कोरियाको स्टिल कम्पनी पोस्कोलाई त्यसको नमुनाका रूपमा चर्चा गर्ने गरिन्छ । फलाम खानी नभएको कोरियामा सन् १९६८ मा स्थापना भएको कम्पनी अहिले उत्पादनका हिसाबले विश्वमा छैटौं/सातौंमा छ भने सन् २०३० भित्र विश्वका पाँच प्रमुख स्टिल कम्पनीमा पुग्ने लक्ष्य राखेको छ । राज्यले यसरी आधारभूत उद्योग स्थापना गरेकै कारण कोरियाले कालान्तरमा सवारीसाधन उत्पादन जस्ता प्रयोगात्मक उद्योगमा अतुलनीय सफलता प्राप्त गरेको हो ।

तेस्रो, यसरी राज्यको विशेष सहकार्य एवं निगरानीमा हुर्काइएका औद्योगिक क्षेत्रलाई विश्व बजारमा प्रतिस्पर्धी बनाउन पनि राज्यले आफ्नो आर्थिक कूटनीतिदेखि सबै शक्तिलाई प्रयोग गरेको हुन्छ । खास यस्तो अभ्यास सन् २००७-०८ को आर्थिक मन्दी, कोरोनाकाल र ट्रम्पको उदयपश्चात् विकसित देशहरूले समेत नजानिँदो पाराले अभ्यासमा ल्याएका छन् । चौथो, पूर्वी एसिया र ल्याटिन अमेरिकाको तुलनामा सबैभन्दा निर्णायक भिन्नता भनेको राज्यको क्षमता हो । औद्योगिक विकासको सिलसिलामा उत्पन्न हुने क्षेत्रगत, वर्गीय, पेसागत आदि असमानता आदिलाई न्यूनीकरण गर्ने क्षमता र औद्योगिकीकरणको प्रक्रियामा भित्रिने वैदेशिक लगानीप्रतिको परनिर्भरतामा कमी ल्याउन सजग राज्य र त्यसो हुन नसकेको राज्यबीच प्रस्ट नतिजागत भिन्नता देखिएका छन् ।

**सांभार : कान्तिपुर ।**

**"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"**



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला




प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday